## अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०२।०३ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

----------------------------------------------

जिल्ला मकवानपुर आमभञ्ज्याङ २ स्थित श्री ज्योती प्राथमिक विद्यालयमा नेपाल सरकारको राहत दरबन्दीमा नियुक्त भई कार्यरत शिक्षिका धन कुमारी खड्काको एस.एल.सि.को प्रमाणपत्र नियुक्तिको समयमा नक्कली रहेको भन्ने शंका देखिएकोले छानबिन गरी कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज शिक्षिका धनकुमारी खड्काले नेपाल सरकारको राहत दरबन्दी अन्तर्गतको प्राथमिक तहको शिक्षिकाको रूपमा अध्यापनको लागि बिहार संस्कृत शिक्षा बोर्ड, पटना भारतबाट प्राप्त मध्यमा तहको नक्कली एवं झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी प्राथमिक शिक्षिकाको रुपमा कार्यरत रही भ्रष्टाचार गरेको तथ्य पुष्टि हुन आएको हुँदा निज धनकुमारी खड्काले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको स-प्रमाण पुष्टि हुन आएकोले निज धनकुमारी खड्कालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता